# उपभोक्ता समिति दर्ता सम्बन्धी कार्यविधि, २०८१

सिलीचोङ गाउँपालिका

ताम्कु, सङ्खुवासभा, कोशी प्रदेश

## उपभोक्ता समिति दर्ता सम्बन्धी कार्यविधि, २०८१

<u>प्रमाणिकरण मितिः २०८१/०८/०२</u>

**सिलीचोङ गाउँपालिकामा उपभोक्ता समितिबाट योजना सञ्चालन सम्वन्धमा व्यवस्था गर्न बनेको कार्यविधि।**

**<u>प्रस्तावना</u>** : सिलीचोङ गाउँपालिका गाउँकार्यापालिकाको कार्यालय तथा अन्य सरकारी निकायबाट कार्यान्वयन गरिने सार्वजनिक निर्माण तथा सञ्चालन सँग सम्बन्धित आयोजना/परियोजना/योजना/कार्यक्रमहरूको कार्यान्वयन प्रक्रियालाई व्यवस्थित बनाउनको लागि उपभोक्ता समितिहरूको दर्ता, नवीकरण, नियमन एवम् खारेजी सम्बन्धी कानूनी व्यवस्था गर्न बाञ्छनीय भएकोले,

गाउँ कार्यपालिकाले यो कार्यविधि बनाएको छ ।

**१. <u>संक्षिप्त नाम र प्रारम्भ</u>** : (१) यो कार्यविधिको नाम "उपभोक्ता समिति दर्ता सम्बन्धी कार्यविधि, २०८१" रहनेछ।

(२) यो कार्यविधि स्थानीय राजपत्रमा प्रकाशित भएको मितिबाट प्रारम्भ हुनेछ ।

**२. <u>परिभाषा</u>** : विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमा,-

(क) "अध्यक्ष" भन्नाले उपभोक्ता समितिको अध्यक्षलाई जनाउनेछ ।

(ख) "आयोजना" भन्नाले गाउँपालिकाका मातहत, अन्य सरकारी निकाय वा गाउँपालिकाको पूर्ण वा आंशिक लागत साझेदारीमा सञ्चालन हुने आयोजना/परियोजना/योजना/कार्यक्रमलाई जनाउनेछ ।

(ग) "उपभोक्ता" भन्नाले सञ्चालन हुने आयोजनाबाट प्रत्यक्ष लाभान्वित हुने क्षेत्रभित्रका व्यक्तिलाई जनाउनेछ।

(घ) "उपभोक्ता समिति" भन्नाले आयोजना निर्माण, सञ्चालन, व्यवस्थापन, र मर्मत सम्भार गर्नको लागि उपभोक्ताले आफुहरू मध्येबाट गठन गरेको समितिलाई जनाउनेछ ।

(ङ) "गाउँपालिका" भन्नाले सिलीचोङ गाउँपालिकालाई जनाउनेछ ।

(च) "ठूला मेशिनरी तथा उपकरण" भन्नाले लोडर, एक्साभेटर, रोलर, डोजर, ग्रेडर विटुमिन, डीस्ट्रीव्यूटर, विटमिन ब्वाइलर जस्ता श्रममूलक प्रविधिलाई विस्थापन गर्ने खालका उपकरणलाई जनाउनेछ ।

(छ) "सम्झौता" भन्नाले आयोजनाको निर्माण, सञ्चालन, व्यवस्थापन एवम् मर्मत सम्भार गर्नको लागि कार्यालय र उपभोक्ता समिति बीच भएको लिखित करारनामा वा कबुलियतनामालाई जनाउनेछ ।

(ज) "दर्ता अधिकारी" भन्नाले प्रमुख प्रशासकीय अधिकृत वा निजले तोकेको अधिकारीलाई जनाउनेछ । सो शब्दले गाउँकार्यपालिकाको कार्यालयमा संघ-संस्था दर्ता गर्ने कर्मचारी समेतलाई जनाउँनेछ।

**३. <u>उपभोक्ता समिति दर्ता गर्नुपर्ने</u>** : (१) प्रचलित कानून बमोजिम गाउँपालिकाका क्षेत्रभित्र सञ्चालन हुने सङ्घीय, प्रदेश तथा गाउँपालिका अन्तरगतका आयोजनाको कार्यान्वयनका लागि गठन भएका उपभोक्ता समितिको दर्ता गाउँपालिकाको कार्यालयमा दर्ता गर्न देहाय बमोजिमका कागजपत्र संलग्न गरी अनुसूची १ बमोजिमको ढाँचामा दर्ताको लागि निवेदन दिनुपर्नेछ । तर गाउँपालिकाकाबाट तर्जुमा भएका योजनाहरू संचालन, व्यवस्थापन एवं मर्मत सम्भार गर्न उपभोक्ता समिति दर्ता नभएपनि योजना कार्यान्वयन गर्न वाधा पुग्ने छैन ।

**देहाय :**

(क) दर्ता गर्ने विषयमा अधिकार प्रत्यायोजन गरेको निर्णयप्रति,

(ख) वडाका जनप्रतिनिधि वा कर्मचारीको रोहवरमा बसेको आमभेलाको निर्णय प्रतिलिपि,

(ग) उपभोक्ता समितिका पदाधिकारीहरूको नागरीकताको प्रतिलिपी,

(घ) अनुसूची-३ बमोजिमको ढाँचामा दुई प्रति विधान, र

(ङ) उपभोक्ता समितिको नामावली उल्लेख भएको सम्बन्धित वडाको सिफारीस

(२) माथि उल्लेखित कागजातहरूको आवश्यक जाँचबुझ गरी अधिकारीले सम्बन्धित उपभोक्ता समितिलाई अनुसूची-२ बमोजिमको ढाँचामा दर्ता प्रमाणपत्र उपलब्ध गराउनेछ ।

(३) उपदफा १ र २ मा जुनसुकै कुरा लेखिएको भएतापनि यो कार्यविधि लागु भएको आर्थिक बर्षमा रु. २० लाख वा सो भन्दा माथिको योजना उपभोक्ता समितिमार्फत कार्यन्वयन गर्दा अनिवार्य रुपमा उपभोक्ता समिति दर्ता गर्नुपर्नेछ।यो कार्यविधि लागु भएको एक आर्थिक बर्षपछि दश लाख वा सोभन्दा माथिका योजना अनिवार्य रूपमा उपभोता समिति मार्फत कार्यन्वयन गर्दा अनिवार्य रूपमा दर्ता गर्नुपर्नेछ।

(४) गाउँपालिकाबाट थप निर्णय भएको अवस्थामा वाहेक गाउँसभाबाट तर्जुमा भएका दश लाख वा सोभन्दा घटीका योजनाहरू कार्यान्यिनका लागि उपभोक्ता समिति दर्ता नभएपनि योजना कार्यन्वयन गर्न वाधा पुग्ने छैन।

४. **दर्ता नम्बर उपलब्ध गराउनुपर्ने** : दर्ता अधिकारीले आफ्नो कार्यालयमा दर्ता भएका उपभोक्ता समितिलाई दर्ता नम्बर प्रमाणपत्रमा खुलाउनु पर्नेछ ।

५. **उपभोक्ता समिति नवीकरण सम्बन्धी व्यवस्था** : (१) सार्वजनिक योजना/ आयोजना निर्माणको लागि गठन भएको उपभोक्ता समिति प्रचलित कानून बमोजिम दर्ता भएको वा सूचीकरण भएको अवस्थामा निरन्तर रहिरहनेछन् ।यस्ता समितिहरू वार्षिक रुपमा नवीकरण गरेको आधारमा आयोजना कार्यान्वयनमा संलग्न रहनेछन्।नवीकरण गर्नको लागि सम्बन्धित उपभोक्ताहरूको आमभेला गराई उपभोक्ता समितिलाई निरन्तरता दिने निर्णय भएको हुनुपर्नेछ।

(२) उपभोक्ता समितिलाई निरन्तरता दिने वा नदिने बिषयमा सम्बन्धित उपभोक्ता समितिले आर्थिक वर्ष समाप्त भएको सामान्यतया दोस्रो त्रैमासिक भित्र निर्णय गरी आमभेलाको निर्णय, उपभोक्ता समितिको निर्णय, वडा कार्यालयको सिफारिस, गत आ.व.को आर्थिक कारोबारको विवरण सहित कार्यालयमा नवीकरणका लागि

निवेदन दिनुपर्नेछ। पेश भएको निवेदन उपर जाँचबुझ गरी तोकिएको दस्तुर लिई कार्यालयले नवीकरण गरिदिनेछ।

(३) उपदफा (१) र (२) बमोजिम नवीकरण नभएको समिति स्वतः खारेज भएको मानिनेछ।

६. **<u>उपभोक्ता समितिको सूचीकरण गर्ने</u>** : दर्ता अधिकारीले आफ्नो कार्यालयमा दर्ता हुने आएका उपभोक्ता समितिहरूको लगत अनुसूची-४ को ढाँचामा राख्नुपर्नेछ ।

७. **<u>उपभोक्ता समितिको अनुगमन नियमन सम्बन्धी व्यवस्था</u>** : (१) गाउँपालिकाले नियमानुसार दर्ता भएका उपभोक्ता समितिको अनुगमन नियमन गर्न सक्नेछ ।

(२) अनुगमन गर्ने क्रममा प्रचलित कानूनको बर्खिलाप हुने गरी कुनै कार्य गरेको पाईएमा प्रमुख प्रशासकीय अधिकृतले त्यस्तो समितिलाई सचेत गराउने वा दर्ता खारेजी वा दुवै कारवाहीको लागि आदेश दिन सक्नेछ ।

८. **<u>कार्यहरू अन्य संस्थाबाट समेत कार्य गराउन सकिने</u>** : (१) यस कार्यविधि वमोजिम उपभोक्ता समितिवाट गरिने सामुदायिक वन उपभोक्ता समूह, सामुदायिक स्तरका सहकारी संस्थाहरू, जल उपभोक्ता संस्था, आमा समुह, कृषक समूह लगायतका कानून बमोजिम दर्ता भएका अन्य सामुदायिक संघ-संस्था वा समिति जस्ता संस्थाहरूलाई आफ्नो विषयक्षेत्रसँग सम्बन्धित आयोजनामा स्थानीय उपभोक्ताहरूको आमभेलाबाट निर्णय भई आएमा यस कार्यविधि बमोजिम कार्य गराउन सकिनेछ ।

(२) उपदफा (१) बमोजिमको अवस्थामा छुट्टै उपभोक्ता समिति दर्ता गर्नुपर्ने छैन।

९. **<u>एकभन्दा वढी योजना कार्यान्वयन गर्न सकिने</u>** : (१) वडा समितिको सिफारिसमा एउटै उपभोक्ता समितिबाट एक बर्षमा एक वा सोभन्दा बढी योजना कार्यान्वयन गर्न सकिनेछ। एक वा सो भन्दा वढी योजना कार्यान्वयन गर्दा सो को छुट्टै अभिलेख राख्नुपर्नेछ। (२) उपदफा (१) जुनसुकै कुरा लेखिएको भएतापनि शुरू सम्झौता भएको योजना फरफारक नभएसम्म अर्को योजनाको सम्झौता हुनेछैन।

१०. **<u>हेभी ईक्वेपमेन्ट प्रयोग गर्न सकिने</u>** : सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ को (९) बमोजिमको प्रकिया पुरा गरी उपभोक्ता समितिले हेभी ईक्वेपमेन्ट प्रयोग गर्न सक्नेछ।

११. **<u>स्थायी लेखा नम्बर प्राप्त गर्नुपर्ने</u>** : यस कार्यविधि वमोजिम दर्ता भएका उपभोक्ता समितिले प्रचलित कानून बमोजिम स्थायी लेखा नम्बर अनिवार्य प्राप्त गर्नुपर्नेछ।

१२. **<u>उपभोक्ता समितिको एकिकृत लगत राखिने</u>** : दर्ता भएका उपभोक्ता समितिको एकिकृत लगत गाउँकार्यपालिकाको कार्यालयमा राखिनेछ ।

१३. **<u>जिम्मेवारी र अभिलेख हस्तान्तरण</u>** : उपभोक्ता समिति पुनगर्ठन हुँदाको अवस्थामा आर्थिक कारोवारको विवरण, माइन्युट लगायतका अभिलेख पुनर्गाठित समितिलाई हस्तान्तरण गर्नु पर्नेछ र गाउँपालिकाको कार्यालयमा समेत पेश गर्नुपर्नेछ। आयोजना सम्पन्न सार्वजनिक निर्माणसँग सम्बन्धित कागजात गाउँपालिकाकामा बुझाउनु पर्नेछ ।

१४. **<u>उपभोक्ता समितिको आर्थिक पारदर्शिता, सार्वजनिक सुनुवाई र लेखा परीक्षण</u>** : यस कार्यविधि बमोजिम गठित उपभोक्ता समितिले बार्षिक आमभेलामा सार्वजनिक सुनुवाई गरी आम्दानी र खर्च सार्वजनिक गरी आम्दानी र खर्च अनुमोदन गराउनुपर्नेछ । बार्षिक पचास लाख वा सोभन्दा वढी कारोबार गर्ने उपभोक्ता समितिले अनिवार्य रूपमा दर्तावाल लेखापरीक्षकबाट लेखा परीक्षण गराउनुपर्नेछ।

१५. **<u>संशोधन</u>** : यस कार्यविधिमा गाउँपालिकाकाले आवश्यकता अनुसार संशोधन गर्न सक्नेछ ।

१६. **<u>बाधा अड्काउ फुकाउन सक्ने</u>** : यस कार्यविधिमा उल्लेखित मापदण्डको कुनै प्रावधानको कार्यान्वयनमा द्विविधा उत्पन्न भई कार्यान्वयनमा बाधा आइपरेमा गाउँ कार्यपालिकाले बाधा अड्काउ फुकाउ गर्न सक्नेछ ।

१७. **<u>बचाउ र लागु हुने</u>** : (१) यस कार्यविधि कार्यान्वयन गर्नुभन्दा अगाडि दर्ता भएका उपभोक्ता समितिहरू यसै कार्यविधि बमोजिम दर्ता भएको मानिनेछ । यस कार्यविधिमा उल्लेख भएका कुरा यसै कार्यविधि अनुसार र उल्लेख नभएका कुराहरू प्रचलित कानून मुताविक हुनेछ ।

(२) यस कार्यविधिमा उल्लेखित कुनै कुरा सङ्घीय र प्रादेशिक कानूनसँग बाझिएमा बाझिएको हदसम्म स्वतः अमान्य हुनेछ ।

**अनुसूची-१**

**दफा ३ उपदफा (१)**

**सँग सम्बन्धित**

## निवेदन

---

**मितिः**

**श्रीमान् दर्ता अधिकारीज्यू,**
**सिलीचोङ गाउँकार्यपालिकाको कार्यालय,**
**ताम्कु, सङ्खुवासभा।**

**विषय- उपभोक्ता समिति दर्ता गरी पाउँ ।**

प्रस्तुत विषयमा सिलीचोङ गाउँपालिकाका तथा अन्य सरकारी निकायबाट स्वीकृत योजना कार्यान्वयनको लागि मिति–·········....मा यस सिलीचोङ गाउँपालिका वडा नं ······ को वडाध्यक्ष श्री ··········································· को अध्यक्षतामा ································ ·······.. नामक उपाभोक्ता समिति गठन गर्ने निर्णय भएकोले नियमानुसार उपभोक्ता समिति दर्ताको लगि देहायका कागजात सहित यो निवेदन पेश गरेको छु।

उपभोक्ता समितिको नाम-:
ठेगाना-:
योजना कार्यान्वयन स्थल-:
अध्यक्षको नाम ,थरः
अध्यक्षको सम्पर्क नं-:

**संलग्न कागजातहरू-**

१. दर्ता गर्ने विषयमा आमभेलाले अधिकार प्रत्यायोजन गरेको निर्णय,
२. वडाका जनप्रतिनिधि वा कर्मचारीको रोहवरमा बसेको आमभेलाको निर्णय प्रतिलिपि,
३. कार्यसमितिका पदाधिकारीहरूको नागरीकताको प्रतिलिपी,
४. अनुसुची -३ बमोजिमको ढाँचामा दुई प्रति विधान,
५. उपभोक्ता समितिको नामावली उल्लेख भएको सम्वन्धित वडाको सिफारीस ।

निवेदक
नाम थरः
पदः
हस्ताक्षार-
छाप

**अनुसूची-२**

**दफा ३ को उपदफा (२) सँग सम्बन्धित**

उपभोक्ता समिति दर्ता प्रमाण-पत्र

सिलीचोङ गाउँपालिकाका

गाउँकार्यपालिकाको कार्यालय ताम्कु, सङ्खुवासभा

---

दर्ता नं.

मितिः

यस गाउँपालिकाकाको वडा नं................. टोल...................मा सिलीचोङ गाउँपालिकाका तथा अन्य सरकारी निकायबाट स्वीकृत योजना कार्यान्वयन गर्नको लागि मिति .............. मा सम्बन्धित उपभोक्ताहरूको आमभेलाबाट उपभोक्ता समिति गठन गर्ने निर्णय सहित दर्ताको लागि निवेदन प्राप्त भएको हुँदा यस कार्यालयको मिति............को निर्णय अनुसार....... उपभोक्ता समिति दर्ता गरी यो प्रमाण-पत्र प्रदान गरीएको छ ।

.....................

दर्ता अधिकारी

## अनुसूची-३

## दफा ३ को उपदफा (१) को खण्ड (घ) सँग सम्बन्धित

.. ..........उपभोक्ता समितिको बिधान

**प्रस्तावना :** स्थानीय स्तरमा उपलब्ध श्रम, सीप, स्रोत साधन तथा अवसरहरूलाई विवेकशिल र कुशल परिचालनबाट रोजगारी सिर्जना, सहभागितामूलक योजना तर्जुमा गरी आफ्नो टोल वा वस्तीको समग्र विकास मार्फत गाउँको विकासमा ठोस योगदान पुर्याउने उद्देश्यले यस .....................उपभोक्ता समिति गठन गरी परिचालन गर्न यो विधान बनाइएको छ ।

**१. संक्षिप्त नाम र प्रारम्भ :** (१) यो उपभोक्ता समितिको नाम " ................" हुनेछ।

(२) यो विधान उपभोक्ताहरूको आम भेलाबाट अनुमोदन भई गाउँपालिकाका कार्यालयको दर्ता अधिकारी बाट स्वीकृती भएको मितिदेखि लागू हुनेछ ।

**२. परिभाषा :** विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस विधानमा,-

(क) "समिति" भन्नाले ......................उपभोक्ता समितिलाई सम्झनुपर्छ।

(ख) "विधान" भन्नाले ........... उपभोक्ता समितिको विधानलाई सम्झनुपर्छ ।

(ग) "आमभेला" भन्नाले उपभोक्ता समिति गठनको लागि राखिएको उपभोक्ताहरूको भेलालाई सम्झनुपर्छ

(घ) "कार्यसमिति " भन्नाले कुनै पनि योजना सञ्चालनको लागि गठित उपभोक्ता समितिलाई सम्झनुपर्छ ।

(ङ) "बैठक" भन्नाले उपभोक्ता समितिको बैठकलाई सम्झनुपर्छ ।

(च) "पदाधिकारी" भन्नाले कार्यसमितिका अध्यक्ष, कोषाध्यक्ष, सचिव र सदस्यलाई जनाउँछ।

**३. सँगठित संस्था हुने :** (१) यो समिति सँगठित संस्था हुनेछ ।

(२) समितिको आफ्नो छुट्टै छाँप हुनेछ साथै समितिले व्यक्ति सरह आफ्नो नामबाट कार्य गर्न सक्नेछ ।

(३) समितिले चल-अचल सम्पति प्राप्त गर्न र उपभोग गर्न सक्नेछ तर समितिले आफ्नो अचल सम्पत्ति बिक्रि गर्ने पाउने छैन। समिति बिघटन भएमा सो समितिको सम्पूर्ण चल अचल सम्पत्ति गाउँपालिकामा हस्तान्तरण हुनेछ।

**४.उपभोक्ता समितिका उद्देश्यहरूः** समितिका उद्देश्यहरू देहाय बमोजिम हुनेछः

(क) स्थानीय स्रोत साधनको विवेकशिल र कुशलतापूर्वक परिचालन गरी कम लागतमा उच्चतम उपलब्धि हासिल गराउने.

(ख) आयोजनाको कार्यान्वयन र सम्पन्नपछि प्राप्त प्रतिफलबाट लाभग्राहीहरूको समतामूलक पहुँच स्थापित गर्ने ।

**५. उपभोक्ता समितिको काम, कर्तव्य र अधिकार :** समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछन् :

(क) सम्झौता बमोजिमको काम तोकिएको परिणाम, गुणस्तर, समय र लागतमा सम्पादन गर्ने,

(ख) उपभोक्ताहरूलाई कार्यालयबाट प्राप्त सूचना तथा मार्गदर्शनको जानकारी गराउने,

(ग) उपभोक्ता समितिको कार्य सम्पादनलाई प्रभावकारी बनाउन समितिका सदस्यहरूको कार्य विभाजन तथा बाडफाँड गर्ने,

(घ) सम्झौता बमोजिमको कामको परिणाम, गुणस्तर, समय र लागतमा परिवर्तन गर्नुपर्ने भएमा कार्यालयबाट स्वीकृति लिने,

(ङ) वातावरण सन्तुलन कायम गर्दै नियमित मर्मत सम्भार मार्फत आयोजनाको दिगो व्यवस्थापन गर्ने ।

(च) आयोजना सम्पन्न पश्चात तोकिएको ढाँचाका कागजातहरू सहित समयमै फरफारकका लागि कार्यालयमा पेश गर्ने।

**६. खाता सञ्चालन :** (१) उपभोक्ता समितिको खाता तोकिएको बैंकमा खोल्नुपर्नेछ ।

(२) समितिको खाता अध्यक्ष, कोषाध्यक्ष र सचिव गरी तीन जना संयुक्त दस्तखतबाट सञ्चालन हुनेछ ।खाता सञ्चालकहरू मध्ये कम्तिमा एक जना महिला हुनुपर्नेछ।

**७. कार्यसमितिका पदाधिकारीहरूको काम, कर्तव्य र अधिकार :** कार्यसमितिका पदाधिकारीहरूको काम, कर्तव्य अधिकार देहाय बमोजिम हुनेछ ।

(क) अध्यक्षको काम, कर्तव्य र अधिकारः

(१) समितिको नियमित बैठक बोलाउन निर्देशन दिने, वैठकका लागि मिति, समय र स्थान तोक्ने।

(२) छलफल हुँदा सबैको विचार संकलन गर्ने र सर्वसम्मत निर्णय गर्न पहल गरी निर्णयहरू लागू गर्ने, गराउने ।

(३) समितिले आर्जन/प्राप्त गरेको नगद वा जिन्सी सामानको सुरक्षाको प्रबन्ध मिलाउने ।

(४) विशेष बैठकको आवश्यकता परेमा विधान बमोजिम बैठक बोलाउने

(५) विधान बमोजिम अन्य कार्यहरू गर्ने ।

(ख) उपभोक्ता समितिको सचिवको काम, कर्तव्य र अधिकारः

(१) अध्यक्षको आदेश अनुसार बैठक बोलाउने।

(२) एकतिहाइ सदस्यले विशेष बैठकका लागि लिखित माग गरेमा विधान बमोजिम बैठक बोलाउने।

(३) छलफलका प्रस्तावका आधारमा बैठकको निर्णय लेखि निर्णय प्रमाणित गर्ने/गराउने।

(४) तोकिएका अन्य कार्यहरू गर्ने ।

ग) कोषाध्यक्षाको काम, कर्तव्य र अधिकारः

(१) संस्थाको आम्दानी र खर्चको विवरण तयार पार्ने ।

(२) बैंकमा खाता सञ्चालन गर्दा संयुक्त रुपमा खाता सञ्चालन गर्ने ।

(३) संस्थाको नगद र जिन्सी सामानको जिम्मा लिई सुरक्षा गर्ने ।

**८. आमभेलाको काम, कर्तव्य र अधिकार :** आमभेलाको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ ।

(क) कार्य समितिलाई अधिकार प्रत्यायोजन गर्ने ।

(ख) कार्य समितिको कुनै सदस्य वा सिंगो कार्यसमितिको विरुद्ध कुनै उजुरी भएमा निर्णय गर्ने ।

(ग) समितिको विधान संशोधन गर्ने।

(घ) संस्थाको वार्षिक कार्ययोजना स्वीकृत गर्ने।

(ङ) उपभोक्ता समितिलाई जवाफदेही बनाउने।

**९. आर्थिक व्यवस्थापन :** समितिको देहाय बमोजिम आर्थिक स्रोत हुनेछ ।

(क) गाउँपालिकाकावाट प्राप्त अनुदान ।

(ख) जनश्रमदानवाट प्राप्त हुने आम्दानी ।

(ग) संघ संस्थावाट नगद जिन्सी तथा अन्य आम्दानी ।

(घ) उपभोक्ता सामितिबाट आयोजना/परियोजना/कार्यक्रम/योजना/ क्रियाकलापमा गरिने लागत साझेदारीको रकम ।

**१०. कार्यसमितिका पदाधिकारीको राजिनामा :** (१) समितिका सदस्यहरूले आफ्नो पदबाट राजिनामा दिन चाहेमा अध्यक्ष समक्ष दिन सक्नेछन् ।

(२) अध्यक्षले आफ्नो राजिनामा सचिव मार्फत समितिको बैठकमा पेश गर्नुपर्नेछ र सो उपर समितिले निर्णय गरे बमोजिम हुनेछ ।

**११. विविधः**

(१) देहायको ढाँचामा उपभोक्ता समितिको छुट्टै छाप हुनेछ ।

<u>देहाय</u>

(२) विधान संशोधन गर्नुपर्ने भएमा कार्य समितिले स्वीकृत गरी आमभेलामा पेश गर्नुपर्नेछ । आमभेलामा उपस्थित सदस्यहरूको कम्तिमा दुई तिहाई बहुमतबाट मात्र विधान संशोधन हुन सक्नेछ ।

(३) यो विधान प्रचलित ऐन, नियमहरूसँग बाझिएमा बाझिएको हदसम्म स्वतः खारेज हुनेछ ।

अनुसूची-४

दफा ६ सँग सम्बन्धित

**उपभोक्ता समितिको सूचिकरण दर्ता किताब**

| दर्ता नं र मिति | उपभोक्ता समितिको नाम र ठेगाना | उपभोक्ता समितिले कार्यान्वयन गर्ने योजनाको नाम | आब | बिनियोजित बजेट | उपभोक्ता समितिको पदाधिकारीहरूको नाम | आमभेलाको निर्णय मिति | वडा कार्यालयको चनं र मिति | उपभोक्ता समितिको छाप र हस्ताक्षर | दर्ता अधिकारीको नाम र हस्ताक्षर |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | | |
| | | | | | | | | | |
| | | | | | | | | | |
| | | | | | | | | | |
| | | | | | | | | | |
| | | | | | | | | | |
| | | | | | | | | | |
| | | | | | | | | | |